आठराई त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ
१ नं प्रदेश नेपाल

प.सं २०७९/८०

च.नं

मितिः२०७९/०५/१३

**विषयः निर्वाचन पश्चात १०० दिनको गाउँपालिकाले गरेका महत्वपूर्ण कामहरु**

यस आठराई त्रिवेणी गाउँपालिकाको स्थानिय तह निर्वाचन २०७९ वैशाख ३० गते भए पश्चात नव निर्वाचित जनप्रतिनिधिको दिर्घकालिन लक्ष्य, गाउँपालिका बासीको माग र घोषणा पत्रमा उल्लेख गरिएका विषयहरुलाई मूर्त रुप दिनका लागि जनप्रतिनिधि तथा सम्पूर्ण कर्मचारीहरु अहोरात्र लागि रहेको व्यहोरा अवगत गराउन चाहान्छौ ।आठराई त्रिवेणी गाउँपालिका भौगोलिक रुपमा दुर्गममा भए तापनि सिमित स्रोत र साधनले उपयोगीता एवं प्रभावकारितालाई समेत मध्यनजर गर्दै क्रमश उत्कृष्ट नमुना गाउँपालिका बनाउने सोच र लक्ष्य लिएर बढेको कुरा अवगत गराउन चाहान्छौ । जनप्रतिनिधि तथा कर्मचारीले दिने सेवा, सुविधा र आम नागरिकको मागलाई सम्बोधन गरी सिंगो आठराई त्रिवेणी गाउँपालिकालाई आर्थिक समृद्धि, सामाजिक रुपान्तरण तर्फ उन्मुख गराउनका लागि यस नवनिर्वाचित जनप्रतिनिधिहरुले १०० दिनको कार्य जिम्मेवारीमा गरेका महत्वपूर्ण कार्यहरु देहाय बमोजिमको रहेको व्यहोरा अनुरोध छ ।

देहायः

१. आठराई त्रिवेणी गाउँपालिका भर घरायसी प्रयोजनका लागि खपत हुने विजुलीलाई निःशूल्क वितरणको घोषणा गरिएको एवं कार्यविधि तयार गरिएको ।

२. कक्षा ११ र १२ मा अध्यनरत विद्यार्थीहरुलाई निःशूल्क उच्च शिक्षाको व्यवस्था गरिएको ।

३. लामो समय देखि मानसिक रोगको पिडामा छटपटाइ रहेका व्यक्तिहरुको उद्दार गरि आर्थिक सहायता सहित उपचार गरिएको एवं सो मानविय कार्यलाई निरन्तरता दिइएको ।

४. सुशासन प्रर्वद्धन अन्तर्गत कार्यालयमा CC Camera र आन्तरिक टेलिफोन सेवा Intercomm PABX Telephone को व्यवस्थापन गरी कर्मचारीहरुको अनुगमन तथा समन्वयलाई प्रभावकारी बनाइएको ।

५. शान्ति सुव्यवस्था कायम गर्न कार्यालय परिसर तथा मुख्य मुख्य स्थानमा Bullet Camera जडान गर्ने कार्यको सुरुवात गरिएको ।

६. वर्थिङ सेन्टर सवै वडामा स्थापना गर्ने निति अनुरुप आवश्यक कर्मचारी तथा भौतिक उपकरण व्यवस्थापन गर्ने कार्यको सुरुवात गरिएको ।



दिपेन्द्र पोमू
अध्यक्ष

CamScanner

प.सं २०७९/८०

७. प्रधानअध्यापकहरुको जिम्मेवारीहरुलाई थप प्रभावकारी बनाउन प्रोत्साहन स्वरुप मासिक रु १५००।— का दरले बैठक भत्ताको व्यवस्था गरिएको ।

८. एक वडा एक सामुदायिक भवन बनाउने निति अनुरुप आवश्यक पहल सुरुवात गरिएको ।

९. ११ साइज खेलमैदान ५ वटै वडामा पुर्‍याउने निति अनुरुप वडा नं २ मा महविर खेलमैदान बनाउने कार्यको सुरुवात गरिएको ।

१०. अवैधानिक ढंगबाट संचालनमा रहेको क्रसर उद्योगलाई पूर्ण रुपमा रोक लगाएको ।

११. अवैध निकासीमा रहेको लक्कडीलाई रोक लगाएको ।

१२. रु १ लाखको दरले गाउँपालिकाका ७ जनालाई प्राविधिक शिक्षा नि:शूल्क पढने गरी छात्रवृतिको व्यवस्था गरिएको ।

१३. कच्ची बाटो रहेको गाउँपालिकाका विभिन्न सडक खण्डलाई स्तरोन्नती एवं नाली बनाउने कार्य सुरुवात गरेको ।

१४. गाउँपालिकाको स्रोत साधन तथा सो को उपयोगीता अविवृद्धि गर्ने हेतुले खर्च मापदण्ड बनाइएको र प्रशासनिक सुधार एवं मितव्ययीतामा जोड दिइएको ।

१५. सडक बत्तिको आवश्यकतालाई मध्यनजर गरी वडा कार्यालय स्वास्थ्य चौकी तथा पालिका केन्द्रमा सडक बत्ति जडान गर्ने कार्यको सुरुवात गरिएको ।

१६. गाउँपालिकामा सेवालाई सहज तथा प्रभावकारी बनाउनका लागि सहायता कक्षको सुरुवात गरिएको ।

१७. स्थानिय भाषा जगेणा गर्नका लागि ५ वटै वडामा आनेपान सुरुवात गरिएको ।

१८. स्वयमसेविकालाई रु ५०० का दरले भत्ता वितरण गरिएको ।

१९. सामाजिक सुरक्षा भत्ता यो असोज महिनाबाट वडा वडामा वितरण गर्ने निर्णय गरिएको ।

२०. आठराई त्रिवेणी गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुलाई बन्द मुक्त विद्यालय घोषणा गर्ने निर्णय गरिएको ।

दिपेन्द्र पोमु

गाउँपालिका अध्यक्ष

दिपेन्द्र पोमु

अध्यक्ष



CamScanner